"प्राकृतिक स्रोत र सम्पदाको खानी, सुखी र समृद्ध हाम्रो तातोपानी "

तातोपानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लिताकोट,जुम्ला

कर्णाली प्रदेश,नेपाल

पत्र संख्याः२०७९।०८०

चलानी नम्बरः


मितिः२०८०।०१।०५

**बिषयः पालिका लोगो स्विकृत सम्बन्धमा।**

श्री सरोकारवाला सबै।

प्रस्तुत बिषयमा यस गाउँपालिकाको मिति २०७९।१०।१६ गतेको पालिका लोगोका लागि डिजाईन पेश गर्ने सम्बन्धि सुचना बमोजिम १० वटा डिजाईनरहरुको डिजाईन प्राप्त भएकोमा सबै डिजाईनहरु उत्कृष्ट नै थिए प्राप्त डिजाईनहरु मध्ये पालिका लोगोका लागि उपयुक्त डिजाईन यस तातोपानी गाउँपालिका वडा नं ५ निवासी श्री किशोर उपाध्याय को तपसिलको डिजाईन मा सामान्य परिमार्जन गर्न लगाई प्राप्त भएका मध्ये पालिका लोगोका लागी स्विकृत गर्ने भनि मिति २०७९।१२।२८ मा बसेको गाउँ कार्यपालिका बैठकले निर्णय गरेकाले पालिका लोगोका लागी उक्त डिजाईन स्विकृत भएको ब्यहोरा सरोकारवाला सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**




# तातोपानी गाउँपालिकाको लोगो

यसमा गाउँपालिकाको सामाजिक , आर्थिक , धार्मिक , सांस्कृतिक एवम् भौगोलिक विशेषता झल्काउने गरि डिजाइन गरेको छु । साथैयस लोगोका विशेषताहरू निम्न प्रकार रहेका छन्:

- यस लोगोमा महिला र पुरुषले हात मिलाएका छन् जसले समाजमा महिला र पुरुष समान अधिकार र हरेक क्षेत्रमा बराबरी हकको प्रतिनिधित्व गर्छ ।

- यस लोगोमा गाउँपालिकाको ८ वटै वडाको नक्सा देखाइएको छ ।

- गाउँपालिकाको नाम र स्थान लेखेको ठाउँ Background Color सेतो र Text color रातो राखिएको छ जसले सरकारी कार्यालयको प्रतिनिधित्व गर्छ ।

- यस लोगोमा विभिन्न मन्दिर र बाजाहरू देखाइएको छ जसले सांस्कृतिक विशेषता झल्काउछ साथै एक मन्दिरले सम्पूर्ण मन्दिरको तथा बाजाहरूले सम्पूर्ण पन्चेबाजाको प्रतिनिधित्व गर्छ ।

- लोगोको एउटा ताल पनि देखाइएको छ जसले यस गाउँपालिकामा रहेको गिडीदह तालको प्रतिनिधित्व (संकेत ) गर्छ।

- साथै लोगोमा ४ ओटा दायाँ र ४ ओटा बायाँ तिर स्याउका दाना पनि राखिएको छ . जसले ८ ओटै वडालाइ जनाउछ .

२०८०।१।१५
प्रमुख प्रशासकीय अधिकृत

- लोगोको दुवै बाहिरी भाग दायाँ र बायाँ तिर धानको बाला राखिएको छ . जसले यस छेत्रमा उत्पादन हुने मार्सी चामलको प्रतिनिधित्व गर्छ ।

- यस लोगोमा एउटा पानीको धारा पनि देखाइएको छ जसले यस गाउँपालिकामा रहेको तातोपानीको धारा को प्रतिनिधित्व (संकेत ) गर्छ। जसको नाम बाट गाउँपालिकाको नाम पनि रहेको छ ।

- लोगोमा लाछुज्युलो . भुरिचुला पनि समेटिएको छ .जसले यस गाउँपालिकाको भौगोलिक विविधता झल्काउछ।

- यस लोगोमा नेपालको राष्ट्रिय झण्डा .
- राष्ट्रिय फूल लालीगुराँस.
- राष्ट्रिय रङ सिम्रिकको प्रयोग गरिनुको साथै .
- सरकारी निकायको कलर combination पनि मिलाईएको छ ।

लोगो डिजाइनर

किशोर उपाध्याय

तातोपानी -५ लाम्रा जुम्ला

९८४३८१८३०४

२०८०।१।१५

प्रमुख प्रशासकीय अधिकृत